अल्छी केटो (Nepali Medium)

बहुत पुरानो समय को कुरा हो । कपिल नाम को एउटा केटो देवपुर नाम को गाँव मा बस्ने गर्दो रहेछ । कपिल साँरै अल्छी स्वभाव को रहेछ तथा लेखा-पढ़ा मा साँरै मन लगाउँदो रैनछ । उ सदै खेल-कूद तथा अनावश्यक काम मा आफ्नो समय व्यतीत गर्न खोज्दो रहेछ ।

एकदिन बिहान ऊ यूनीफार्म लगाएर आफ्नो बैग मा किताब-कलम लिएर स्कूल को लागि भनेर निस्केर जादो रहेछ । उसका सबै साथी हरुले आफ्नो पाठ कण्ठस्थ गरेर स्कूल आएका रहेछन । उनीहरुलाई देखेर ऊ सोच्दो रहेछ- यी पुस्तक का कीरा हरु जीवन उपभोग गर्न जान्दैनन । विचारा पुस्तकका कीराहरु!! मँ चैं जीवन को सम्पूर्ण आनन्द लिने छु । स्कूल गएर अध्यापक को त्यो रिसाएको अनुहार हेरेर के गर्नु र ! उनी त रिसाएर गालि मात्रै गर्नु हुन्छ । त्यही लागि मँ आजको दिन चैं पुरा उपभोग गर्ने छु । स्कूल को छेवैं मा एउटा सुन्दर बगीचा रहेछ । उसले त्यो दिन स्कूल नगएर त्यही बगीचामा आनन्द फुर्ति गर्न को लागि निश्चित गर्दछ ।

Scanned with CamScanner

बगीचामा प्रवेश गरेर ऊ अत्यन्त खुसी थियो मनमा घिऊका लड्डु फुटि रहेका थिए आज त फुर्ति नै फुर्ति! तर केही दिन पछि ऊ दंग पर्दछ अहो! को संग खेलौं?

उसले फुलमा बसेर आनन्दले फुलको रस पान गरि राख्नेको एउटा मौरी लाई देख्दछ। उसले त्यो मौरीलाई उसंग खेलन बोलाएछ। मौरीले भनेछ मँ मह संग्रह गर्ने काममा व्यग्र छु तीमी संग खेलने समय छैन मँ संग। केटोले सोच्न थालेछ - यो सामान्य कीराको यत्रो घमंड? ठीक छ अरु कसैलाई खोज्दछु जो म संग आनन्दले खेल्नलाई त्यार छ।

Scanned with CamScanner

बगीचामा घासका चन्द्रा संग्रह गर्दै गरेको एउटा सानो चरीलाई देखेर खेल्नालाई बोलाएछ । अरे मित्र ! यी सुकेका घासका चान्द्रामा के हुर उपभोगगर्ने योग्य ? आऊ ! मँ संग स्वादिष्ट खाद्य इरु छन । ती सबै खाऊँ अनी खूब खेलौं । बहुत राम्रो लाग्दछ । तर चरी भन्दि रहिछिन् – मैंले आज यो फूलो रुखमा जसेरी भएपनि घर बनाउनै पर्दछ तैंलाई आज मँ तिमीसंग खेल्न सक्दिन । केटो सोच्न थाले छ – अरे येत्तो सानो चरीको पनि यति घमंड !! ऊँ निराश हुन्छ ।

Scanned with CamScanner

अलिक बेर पछि बगीचामा घूम्दै गरेको एउटा कुकुरलाई ऊ देख्नो रहेछ। बालकले कुकुर लाई भनेछ – अरे मानुष्यको मित्र! यस्तो गर्मीमा कहाँ घूमि रहेको हौ? आइज मँ संग तँलाई धेरै खाने का वस्तुहरु दिन्छु। कुकुरले भनेछ – बालक त्यो त ठीकै हो। तर मँ मेरो स्वामी को रक्षा को लागि तैनात छु, त्यही भएर तीमी संग खेलने समय मँ संग हैन। अरु कसैलाई बोलाऊ।

Scanned with CamScanner

कुकुरबाट पनि यस्तो उत्तर पायर त्यो केटो लाई बहुत लाज लागेछ। अहो! यो संसारमा सबै प्राणीहरू आफ्नो आफ्नो कामभा व्यस्त रहेछन। खाली मँ एक्लैने एताउता भड़किएर घूमी रहेको रहेछु। अब चैं मँ पनि स्कूल तीरै जानु पर्यो। यस्तो सोचेर ऊ स्कूल तिर लाग्दछ। त्यो दिनदेखि उसले आलस्य छोड़ेर विद्या अर्जन गर्ने तिर मन लगाउछ। पछि पड़े-लेखेर कुलो मानिस बनेर उसले जीवनमा बहुत यश, सम्मान एवं धन अर्जन गर्दछ।

यो कथा को नैतिक मूल्य यस्तो छ -

छामेरु कहिले पनि जीवनमा आफ्नो लक्ष्य बाट भड़किनु हुदैन तथा आलस्यलाई छाड़ी दिनु पर्दछ।

Scanned with CamScanner

Scanned with CamScanner